# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

### हकप्रद निष्काशनको स्वीकृति

कालोपुल, काठमाण्डौ मुख्य कार्यालय भएको श्री हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडले १:०.७५ को अनुपातमा रु. १००।- दरको १,२०,००,००० कित्ता साधारण शेयर हकप्रद निष्काशन गर्नका लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लाई स्वीकृति प्रदान गरिएको छ ।

उपरोक्त विवरणमा उल्लेखित साधारण शेयर (हकप्रद शेयर) देहायका शर्तहरु पालना गरेर मात्र निष्काशन गर्नुपर्ने ।

**शर्तहरु:**

१. "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" मा देहाय बमोजिम सुधार गरी प्रकाशित गर्नुपर्ने र सो को जानकारी यस बोर्डलाई गराए पश्चात्मात्र आह्वानपत्र प्रकाशन गर्नुपर्ने ।

१.१. दफा घ. मा उल्लेखित प्रारम्भिक सार्वजनिक निष्काशनबाट संकलित रकम उपयोग सम्बन्धमा बोर्डमा मिति २०८०।०१।०६ मा पेश गरिएका विवरण तथा निर्णय बमोजिम स्पष्ट हुनेगरी नोटमा खुलाउनुपर्ने ।

१.२. दफा त(१).मा पछिल्लो अवधिको लेखापरीक्षकबाट प्रमाणित त्रैमासिक वित्तीय विवरण प्रस्तुत गर्नुपर्ने । साथै सोको एक प्रति बोर्डमा पेश समेत गर्नुपर्ने ।

१.३. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ को उपदफा (१) बमोजिम हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँड भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ को उपदफा (१) बमोजिम हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रवन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ भन्ने व्यवस्थाका पालना गरी उक्त दफाको उपदफा (२) र (३) बमोजिमको प्रकृया पूरा गर्नुपर्ने ।

१.४. दफा य).१.घ) मा कुल मर्मत तथा संभार खर्च बापत भुक्तानी बाँकी अन्तर्गत क-कसलाई कति तिर्ने हो सो को स्पष्ट विवरण खुलाउनुपर्ने ।

१.५. विवरणमत्रमा उल्लेखित मर्मत तथा संभार बापत तिर्नुपर्ने रकमको विस्तृत विवरणको तालिका समेत विवरणपत्रको दफा य.१. अर्न्तगत खुलाउनुपर्ने ।

२. हकप्रद शेयर निष्काशन पश्चात धितोपत्र दर्ता तथा निष्काशन निर्देशिका, २०७४ को दफा १३ को उपदफा ३ र ४ को व्यवस्था पालना गरी नेपाल धितोपत्र बोर्डलाई जानकारी दिनुपर्ने ।

३. धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ६ बमोजिम धितोपत्र निष्काशन स्वीकृत भएको ७ कार्य दिनभित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि निवेदन दिनुपर्ने साथै सो को जानकारी बोर्डलाई समेत गराउनुपर्ने ।

४. बोर्डबाट प्राप्त निर्देशनको प्रतिलिपि, हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बोर्डमा दर्ता भएको संलग्न अनुसारको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" को प्रति नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, निष्काशन तथा बिक्री प्रबन्धक, दरखास्त वितरण गर्ने कार्यालयहरु तथा निष्काशनकर्ता संगठित संस्थाको कार्यालयमा राख्नुपर्ने । उक्त विवरणहरु इच्छुक लगानीकर्ताले हेर्न चाहेमा वा माग गरेमा सोको प्रति उपलब्ध गराउनुपर्ने ।

५. हकप्रद शेयरको लागि कुन मिति देखि दाखिल खारेज बन्द गरिने हो सो मिति नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग तालमेल गरी निश्चित गरिनुपर्ने र यसरी निश्चित गरिएको मितिभन्दा कम्तिमा ७ दिन अगावै सार्वजनिक रुपमा सूचना प्रकाशित गरी सम्बन्धित लगानीकर्तालाई जानकारी गराउनुपर्ने र सो कुराको जानकारी बोर्डलाई समेत गराउनुपर्ने ।

६. हकप्रद शेयर निष्काशनका सम्बन्धमा साविकका शेयरधनीहरुको जानकारीको लागि आवश्यक सूचना प्रकाशन गर्नुपर्ने र उक्त सूचना प्रकाशन गर्दा न्यूनतम रुपमा देहायको कुराहरु समावेश भएको हुनुपर्ने । साथै यसरी प्रकाशन गरिने सूचनाको जानकारी बोर्डलाई गराउनुपर्ने ।

(क) दरखास्त फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" पाइने ठाउँ,

(ख) दरखास्त फारामको नमूना, दरखास्त फाराम भर्ने तरिका, बुझाउनुपर्ने रकम, दरखास्त बुझाउने स्थानहरु,

(ग) निष्काशनको क्रममा लगानीकर्ताहरुको गुनासा सुन्ने तथा त्यसको समाधानकालागि गरिएको व्यवस्था,

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल